दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक


हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


वर्ष ३७ | अंक २४ | बुटवल | २०८१ माघ ०५, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Jan 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


सम्पदा क्षेत्रलाई खतराको सूचीमा राख्न सकिने चेतावनी :

# युनेस्कोलाई जवाफ पठाउने तयारीमा लम्बिनी विकास कोष

**टिआर शर्मा**

*बुटवल*



संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (युनेस्को) को विश्व सम्पदा केन्द्रले माग गरेको १० बुँदे स्पष्टीकरणको जवाफ (स्टेट अफ कन्जर्भेसन) दिन लुम्बिनी विकास कोषअन्तिम चरणमा पुगेको छ।

युनेस्कोलेबुद्ध जन्मस्थलसंग अभिन्नरुपमा जोडिएका मायादेवी मन्दिर, पवित्र उद्यान, अशोक स्तम्भ, मार्कर स्टोन र जन्म स्मारक शिला लगायतका सम्पदामा खराब भौतिक अवस्थाको कारणले खतराको सूचीमा राख्न सकिने जोखिम रहेको भनेर गत वर्ष जुलाईमा विकास कोषलाई स्पष्टीकरण सोधेको थियो।

यस्तै जापानी वास्तुविद् केन्जो टाङ्गेले तयार पारेको र सन् १९७० को दशकमा संयुक्त राष्ट्रसंघले अनुमोदन गरेको लुम्बिनी गुरुयोजनाको उल्लंघन गरी जथाभावी संरचना निर्माण गरेको विषय पनि युनेस्कोले उठाएको थियो। युनेस्कोले मायादेवी मन्दिरको अवस्था; वरपरको पवित्र उद्यानको अवस्था; अव्यवस्थित पूर्वाधार परियोजनाहरू; र परिस्थिति सम्बोधन गर्न कोषका पदाधिकारी र कर्मचारीको पर्याप्त क्षमताको अभाव समेत औंल्याउंदै चारवटा पक्षमा चिन्ता जाहेर गरेको थियो।

युनेस्कोले विकास कोषलाई फराकिलो दायराको संस्था बनाउन नाम परिवर्तन गरी काउन्सील बनाउनु पर्ने सुझाव समेत दिएको थियो। यस्तै लुम्बिनीमा विश्व सम्पदा सम्मेलन गर्न सुझाव दिइएकामा आगामी अप्रिलमा गर्ने तयारीमा रहेको कोषले जनाएको छ।

सन् २०२५ को फेब्रुअरीसम्ममा नेपालले युनेस्कोलाई जवाफ दिनुपर्ने समय सीमा छ। समयसीमा सकिन केही साताबाँकि रहँदा लुम्बिनी विकास कोषले युनेस्कोले उठाएका सबै विषयको चित्तबुझ्दो र विश्वनीय जवाफ पठाउने गरी काम अन्तिम चरणमा रहेको लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासन प्रमुख ज्ञानिन राईले बताए। मायादेवी मन्दिरभित्र प्राचीन भग्नावशेषमा लागेका ढुसीको रासायनिक उपचार गर्न इटालीबाट विज्ञहरु ल्याएर एक महिनासम्म अध्ययन गरी सुधारको क्रममा रहेको उनले बताए।

'मायादेवी मन्दिरमा पानी चुहिने समस्या, मन्दिरको बाहिर बगैंचामा पानी जम्ने समस्या, अशोक स्तम्भमा को व्यवस्थापन तथा प्रार्थना कक्षका सम्बन्धमा युनेस्कोको गुनासो सम्बोधन हुने गरी विज्ञलाई एक महिना परिचालन गरेर जवाफ दिने प्रतिवेदन बनाउँदैछौँ,समय सीमा भित्रै जवाफ पठाउंछौं'-राईले भने-'सम्पदा प्रभाव मूल्याङ्कन सुझाव अक्षरशः पालना गरेका छौं, सम्पदा जोखिम न्यूनिकरण, वातावरण संरक्षण, भौतिक विकास, लुम्बिनी भित्रका विभिन्न समुदायको विकासको कार्ययोजना पनि अन्तिम चरणमा पुराएका छौं, जवाफ पठाएपछि लुम्बिनीको सम्पदा क्षेत्र खतराको सूचीमापर्दैन भन्नेमा विश्वस्त छौं।'

भौगोलिक अवस्थिति, प्राकृतिक समस्या जस्ता पक्षबाट हुने समस्याको समाधान दिन कुनै विज्ञले नसकेकाले यो विषय युनेस्कोले पनि मनन् गर्ने आफूको विश्वास रहेको राईले बताए। पवित्र उद्यानलाई संरक्षित क्षेत्रमा सूचिकृत गर्न दिएको सुझाव पनि कार्यान्वयन भएको राईले बताए।

गत जुलाईमा भारतको दिल्लीमा भएको विश्व सम्पदा समितिको बैठकमा लुम्बिनीलाई खतरामा परेको विश्व सम्पदाको सूचीमा राख्ने प्रस्ताव गरिएपनि त्यसलाई तत्कालका लागि थाती राख्दै युनेस्कोले नेपाल सरकारलाई केही महिनाको समयसीमा दिएको राईले भने।

बुद्धको जन्मस्थललाई खतरामा रहेको विश्व सम्पदाको सूचीमा राखिने चेतावनी आउनु गम्भीर विषय भएकाले यसमा संवेदनशील भएर अन्तर्राष्ट्रिय समुदायलाई विश्वास दिलाउने गरी तत्काल परिपक्व जवाफ दिनुपर्ने बुद्ध जन्मस्थल लुम्बिनी निर्वाचन क्षेत्र रहेको रुपन्देही ५ का प्रतिनिधि सभा सदस्य बासुदेव घिमिरेले बताए। 'युनेस्को जस्तो सर्वस्वीकार्य अन्तराष्ट्रिय संस्थाले लुम्बिनीको सम्पदा क्षेत्रलाई खतराको सूचिमा राख्न सकिने चेतावनी दिनु सामान्य र हल्का विषय हुंदै होइन, लुम्बिनी विकास कोषसंगै संघीय सरकार यसमा संवेदनशील भएर समयसीमा भित्रै जवाफ दिनुपर्छ'-घिमिरेले भने।

गत जुलाईमा भारतको दिल्लीमा युनेस्कोको विश्व सम्पदा समिति (डब्लुएचसी) को बैठकमा, विश्व सम्पदा सम्बन्धी मामिलाहरूमा युनेस्कोलाई सल्लाह दिने स्मारक तथा पुरातत्व स्थलहरूको अन्तर्राष्ट्रिय परिषद् (आइकोमोस) ले लुम्बिनीको बारेमा गम्भीर चिन्ता व्यक्त गरेको थियो।

बैठकमा आइकोमोसले लुम्बिनीलाई खतरामा रहेको विश्व सम्पदाको सूचीमा राख्न प्रस्ताव गरेको थियो। त्यसको अर्थ लुम्बिनीका मुख्य सम्पदाको 'विशिष्ट विश्वव्यापी मूल्य' मा उल्लेखनीय ह्रास भएको उल्लेख थियो। तर अन्त्यमा समितिले बैठकमा उठेका चिन्ताहरू सम्बोधन गर्न नेपाललाई फेब्रुअरी २०२५ सम्म समय दिने निर्णय गरेको थियो।

सन् २०२२ मा युनेस्कोको सबैभन्दा पछिल्लो अनुगमन टोलीले मायादेवी मन्दिरको आकार, डिजाइन, रङ, संरचनात्मक स्वरूप, भेन्टिलेसन र निकासका विद्यमान अवस्थाले विश्व सम्पदामा सम्मिलित मन्दिर परिसरको भौतिक र आध्यात्मिक पक्षमाथि नकारात्मक प्रभाव पारेको निष्कर्ष निकालेको थियो।

युनेस्कोले मायादेवी मन्दिर क्षेत्र र वरपर रहेका उच्च जलस्तर र मन्दिरभित्र पानी पसेका कारण सिर्जना भएको ओसपूर्ण वातावरणबाट (पुरातात्विक) अवशेषमा क्षति पुग्ने सम्भावना रहेको भन्दै चिन्ता व्यक्त गरेको थियो। युनेस्कोको लुम्बिनीमा भएका यसअघिका अनुगमनहरूले पनि जलस्तरका कारण विशेषगरी मार्कर स्टोन वरपर सधैँ भिजिरहने अवस्था आइपरेको र ढुसीका कारण इँट्टा/ढुङ्गाहरु हरियो देखिने गरेका उल्लेख गरेका छन्।

लुम्बिनीको विश्वव्यापी महत्वमा सम्भावित नकारात्मक प्रभाव पार्ने गरी सम्पदा प्रभाव मूल्याङ्कन बिना नै पाँच हजार व्यक्ति अटाउने क्षमताको ध्यान र स्मारक हल निर्माण भएको मा पनि युनेस्कोले असन्तुष्टी जनाएको थियो। लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले लुम्बिनीका सम्पदालाई खतराको सूचीमा राख्नुको अर्थ विश्व सम्पदाकै सूचीबाट हटाउन लागिएको भन्ने अर्थ नलाग्ने बताए।

युनेस्कोको चासो अनुसार मायादेवी मन्दिरभित्रबाट एअर कन्डिसन हटाएको उनले बताए। 'एअर कन्डिसनले ओसिलोपन बढाउंछ भन्ने विज्ञहरुको सुझाव अनुसार हटायौं, मन्दिरभित्र हावा आउजाउ हुने गरी भेन्टिलेसन सुधार गर्न र पानी बाहिर निकासीको दिगो तरिका खोज्ने काम पनि गरिरहेका छौं'-शाक्यले भने।

## तत्काल संसद् वैठक राख्न विपक्षी दलको माग



बुटवल। प्रतिपक्षी दलहरूले तत्काल संसद्को हिउँदे अधिवेशनको प्रक्रिया थालनी गर्न आग्रह गरेको छ। सरकारले तत्काल अधिवेशन नबोलाए आफूहरू विशेष अधिवेशन माग गर्ने जानकारी पनि विपक्षी दलहरूले गराएका छन्।

शुक्रबार नयाँ बानेश्वरस्थित ल्होत्से हलमा आयोजित पत्रकार सम्मेलनमार्फत् विपक्षी दलहरूले यस्तो बताएका हुन्।

'हामी विपक्षी दलहरू संसद्को मर्यादा र गरिमाको सम्मान गर्दै तत्काल संसद्को हिउँदे अधिवेशनको माग गर्छौं,' वक्तव्य पढेर सुनाउँदै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भने।

साथै, उनले सरकारले तत्काल अधिवेशन प्रक्रिया थालनी नगरे विशेष अधिवेशन माग हुने जानकारी गराए।

'सरकारले तत्काल अधिवेशन प्रक्रिया थालनी नगरे विशेष अधिवेशनको माग गर्ने जानकारी दिँदै स्वेच्छाकारी र जनविरोधी काम जारी राखे कडा संघर्षमा उत्रने चेतावनी समेत दिन चाहन्छौं,' विपक्षी दलहरूको वक्तव्यमा भनिएको छ।

विपक्षी दलहरुले संसद् नबोलाई गम्भीर प्रकृतिका अध्यादेश ल्याएको भन्दै सरकारको चर्को आलोचना गरेका छन्।

'संघीय संसद्को नियमित हिउँदे अधिवेशन बोलाएर कानुन निर्माण नगरी, संसदीय समितिमा छलफलको क्रममा रहेका विधेयकहरू फिर्ता समेत नलिई सोही विषयमा गम्भीर प्रकृतिका कानुनहरु अध्यादेशमार्फत् जारी गर्ने सरकारको कामप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ' विज्ञप्तिमा भनिएको छ, 'सरकारको यो कदमबाट संविधानको मर्म तथा भावनामाथि प्रहार हुनुका साथै संसदीय प्रणालीको उपहास गर्ने खतरनाक, स्वेच्छाचारी र निरंकुश प्रवृत्ति प्रदर्शन गरेको छ भन्ने हाम्रो ठहर छ।'

संसद्लाई छल्ने सरकारको कदमको प्रतिक्षी दलहरुले विरोध गर्ने भन्दै अगाडि भनिएको छ, 'हामी प्रतिपक्षी दलहरू सरकार र सत्तारुढ गठबन्धनका दलहरूको निहित स्वार्थ पूर्तिका लागि संसदलाई छलेर राष्ट्रको दूरगामी भविष्यमा गम्भीर असर पार्ने प्रकृतिका कानुनहरु अध्यादेशमार्फत् ल्याउने यो कदमको घोर भर्त्सना गर्दछौं।'

## लुम्बिनी प्रादेशिकमा प्रसुति शल्यक्रिया कक्ष थप




**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रादेशिक अस्पतालमा महिला तथा प्रसुति शल्यक्रिया कक्ष थप गरिएको छ। प्रसुति सेवालाई विस्तार गर्दै तीन वटा शल्यक्रिया कक्ष थप गरिएको हो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले शुक्रबार लुम्बिनी प्रादेशिक अस्पतालमा महिला तथा प्रसुति शल्यक्रिया कक्षको उद्घाटन गरेका छन्।

उपचार सेवालाई छिटो छरितो रुपमा प्रदान गर्न शल्यक्रिया कक्षले महत्वपूर्ण योगदान गर्ने मुख्यमन्त्रीले बताए।'उपचार सेवा लिन पालो पर्खनुपर्ने अवस्था घटाउन सहयोग पुग्ने छ'-मुख्यमन्त्री आचार्यले भने।

प्रादेशिक अस्पतालको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनेगरी सरकारले कार्यक्रम बनाएको बताउदै उनले त्यसमा स्वास्थ्यकर्मी तथा चिकित्सकहरुको महत्वपूर्ण योगदान जरुरी रहेको औंल्याए।

विगत ३ वर्षको तथ्याङ्क अनुसार अस्पतालमा वार्षिक ९ हजार ७६५ बिरामीले शल्यक्रिया सेवा लिएका मेडिकल सुपेरिटेन्डेन्ट डा.इन्द्र ढकालले बताए। जसमध्ये ४ हजार ५४७ वटा शल्यक्रिया प्रसूती सेवातर्फको रहेको अस्पतालले जनाएको छ।

अस्पतालमा प्रसूति सेवाका लागि पछिल्लो आर्थिक वर्षमा १२ हजार ९८ जनाले सेवा लिएका मध्ये ७ हजार ५४८ जनाले सामान्य रुपमा बच्चा जन्माएका छन्। पछिल्लो आर्थिक वर्षमा लुम्बिनी प्रादेशिक अस्पतालबाट ३ लाख ४८ हजार ९७१ जनाले स्वास्थ्य सेवा लिएको तथ्याङ्कमा उल्लेख छ। अस्पतालमा शल्यक्रिया कक्ष बिस्तार गरेसँगै सेवा प्रवाहमा सहजता आउने विश्वास गरिएको छ।


रुरुक्षेत्र गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :

लक्ष्मण पाण्डे — प्रमुख प्रशासकीय अधिकृत
मीना देवी गौतम — उपाध्यक्ष
यदु ज्ञवाली — अध्यक्ष

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८१ माघ ०५, गते शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

खोइ यसले काट्न सकेको
समयको तन्काइ र समयको हुकुमलाई ?
खोइ यसले भाँच्न सकेको
समयका हेलचेक्र्याइँ र समयको धोकालाई ?

– वानिरा गिरी
('म एउटा च्यातिएको पोष्टर' कविताबाट)

अनूदित कथा

# केटाहरू

आन्तोन चेखव
अनुवाद : डा. बलराम अर्याल

खुशीको पहिलो क्षण सिद्धिदै गर्दा कराल्योफहरूले के थाहा पाए भने अगाडिपट्टि भालोज्याबाहेक अर्को पनि बसेको थियो एक जना सानो केटो, (टाउकोमा) रूमाल बेरेको, (जीउमा) पछ्यौरा ओढेको, हिउँले ढाकिएको । ऊ कुनै चल - हल नगरीकन कुनातिर उभिएको थियो, एउटा ठूलो फ्याउरोको न्यानो ओभरकोटमा ।

भालोज्या आयो ! - कसैले चोक-आँगनमा करायो । भालोजिछ्का आउनुभयो !

नातालिया चिच्याइन् डाइनिङ हलतिर दगुर्दै । आहा, हे भगवान! कराल्योफको सम्पूर्ण परिवार, जो घण्टा घण्टामा आफ्नो भालोज्यालाई पर्खिरहेको थियो, झ्यालतिर हुत्तियो । प्रवेशद्वारनिर स्लेज (बेपहियाँको गाडी) थियो, र यहीँ सेता - सेता घोडाहरूको त्रोइका (तिकडी) बाट बाक्लो तुवाँलो निस्किरहेको थियो । स्लेज खाली थियो, किनकि भालोज्या हलमा पुगिसकेको थियो र राता राता कठाङ्ग्रिएका औंलाहरूले आफ्नो बाहिरी कोट (हुड) खोल्दै थियो । उसको जिम्नाजियमको ओभरकोट, (हिउँ पर्दा लगाउने) टोपी, ओभरशुज्, कञ्चटका रौं सब बरफले ढाकेको थियो, अनि उसले पूरापूर शीरदेखि पाउसम्म त्यस्तो मीठो हिउँको वासना दिइरहेको थियो, उसलाई हेर्दाखेरि एउटा चिसो अनुभूत गर्न र "बररर् !" भन्न मन लाग्थो । आमा र अन्टी हुत्तिएर म्वाइ खान गए उसलाई, नातालिया चाहिँ उसको गोडातिर परिन् र उसका पञ्जाहरू फुकाल्न लागिन्, बहिनीहरूले हो-हल्ला गरे, ढोका बज्यो, ताली बजे, अनि भालोज्याको बुवा चाहिँ एउटा गञ्जीमा नै हातमा कैंची लिएर अग्र भागतिर दगुरे र डर मानेको जस्तो गरी कराए : - हामीले तिमीलाई हिजै पर्खिबसेका थियौं ! राम्रोसँग आइपुग्यौ के ?

राम्रैसँग ? हे भगवान, उसलाई बुवासँग अभिवादन गर्न त देऊ ! के म बुवा होइन कि कसो ? भौं ! भौं ! धोद्रो स्वरले गर्यो मिलोर्दू, भीमकाय कालो डाँगे कुकुर पुच्छरले भित्ता र फर्निचरमा यताउता पार्दै । यो सब एउटा गाढा हर्षित् आवाजमा मिसिएको थियो, जो अन्दाजी दुई मिनेट लम्बिएको हुँदो हो ।

खुशीको पहिलो क्षण सिद्धिदै गर्दा कराल्योफहरूले के थाहा पाए भने अगाडिपट्टि भालोज्याबाहेक अर्को पनि बसेको थियो एक जना सानो केटो, (टाउकोमा) रूमाल बेरेको, (जीउमा) पछ्यौरा ओढेको, हिउँले ढाकिएको । ऊ कुनै चल - हल नगरीकन कुनातिर उभिएको थियो, एउटा ठूलो फ्याउरोको न्यानो ओभरकोटमा ।

भालोजिछ्का, यो को हो नि ? - आमाले सोधिन् खानेखुशीको आवाजले । ओहो ! यसो सम्झियो भालोज्याले । यो, परिचय गर्ने सौभाग्य पाऊँ, मेरो साथी छिछिभित्स्ईन्, दोश्रो कक्षाको छात्र .... । मैले उसलाई सँगै ल्याएको छु हामीकहाँ पाहुनाको रूपमा । - एकदम खुशीको कुरा, कृपा होस् ! बुवा चाहिँले खुशीसाथ भने । माफ गर्नुहोला, म घरायसी रूपमा, बिना कुनैऔपचारिकता । स्वागत छ !

नातालिया, छिरिपित्स्ईन् महोदयलाई लुगा फुकाल्न सघाऊ न ! हे भगवान, यो कुकुरलाई उता लखेटो न ! यो त सजायँ भयो नि ! यो त अझै गुलाफी नै छ चिसोले गर्दा, टेबुल छेउमा बसे र चिया पिए । हिउँदको सूर्य हिउँ भएर, बुट्टाहरू झ्यालमा परेर निस्कँदै गर्दा 'समाभार'मा टिलपिल - टिलपिल गर्थे र आफ्ना किरणहरू फरफरिएको कपमा पौडी खेल्थे । कोठामा न्यानो थियो, अनि केटाहरू यस्तो अनुभूति गर्थे, कसरी उनीहरूका ठिहिरिएका जीउमा एक अर्कालाई छोड्न नचाहेर न्यानो र कठ्याङ्ग्रिदो चिसो गर्दै थिए काउकुती एकआपसमा । - अनि अब त छिट्टै ख्रिस्टमस् पनि आइहाल्यो ! - बुवाले भने यसै कालो - खैरो सुर्ती - बट्टाबाट सुर्ती निमोठ्दै । - धेरै नै भयो गर्मी गएको पनि, आमा रोएकी थिई तिमीलाई बिदाइ गर्दा ? अब तिमी फर्केर आयौ नि ... । समय, छ नि बाबु, छिटै बित्छ ! हाइ गर्न भ्याएको हुँदैनस्, बूढ्यौली लागिहाल्छ ।

छिबिसिन् महोदय, खानुहोस्, म अनुरोध गर्छु, लाज नमान्नुहोस् ! हामीकहाँ सामान्य छ । भालोज्याका तीन बहिनीहरू काच्या, सोन्या र माशा - यिनीहरूमध्ये जेठी एघार वर्ष पुगेकी थिई - टेबुलमा बसेका थिए र नव परचितबाट आँखा झिम्म गर्थेनन् । छिछिभित्सईन् पनि उस्तै उमेर र कदको थियो, भालोज्या जस्तै, तर त्यस्तो भुक्के र गोरो होइन, बरु दुब्लो, गहुँगोरो थियो, चायाँले भरिएको । कपालहरू उसका ठाडा ठाडा थिए (सुँगुरको) जगर जस्तै, आँखा चिम्सा थिए, ओठ मोटा-मोटा थिए, समष्टिमा थियो त ऊ एकदम नराम्रो केटो, उसको शरीरमा जिम्नाजियमको ज्याकेट नहुँदो हो त, उसको बाहिरी आकृतिबाट उसलाई भान्सेको छोराको रूपमा लिन सकिन्थ्यो । ऊ अँधेर मुखे थियो सधैँ चूप रहने, अनि एक ताल पनि हाँसेको होइन । केटीहरूले उसलाई हेरेर तुरुन्तै के चाहिँ बुझे भने यो, वास्तवमा, एउटा बुद्धिमान र विद्वान लडका हुनु पर्छ । ऊ केको बारेमा हो त, सधैँ सोच्थ्यो, र आफ्ना विचारहरूले ऊ यतिबिघ्न व्यस्त हुन्थ्यो कि कुनै कुराको बारेमा कसैले सोद्दाखेरि ऊ झस्किन्थ्यो, टाउको झट्कार्थ्यो र सवाल दोहर्‍याउन अनुरोध गर्थ्यो ।

केटीहरूले के बुझे भने भालोज्या पनि सधैँ हँसिलो, गफाडी केटो, यस पाली त समष्टिमा हाँस्दै हाँस्थेन र मानौँ कि घरमा आएकोमा पनि ऊ खुसी थिएन । चिया पिउँदै गर्दा उसले बहिनीहरूलाई एक ताल मात्र संबोधन गयो, त्यसमा पनि कुनै अचम्मका शब्दहरूले । उसले 'समाभार'तिर देखायो र भन्यो– क्यालिफोर्नियामा चाहिँ चियाको सट्टामा जिन पिउँछन् । ऊ पनि कुनै विचारहरूमै व्यस्त हुन्थ्यो, र ती मुखाकृतिहरू, जसले ऊ आफ्नो साथी छिछिभित्स्र्यनसँग आदान-प्रदान गर्थ्यो, को आधारमा भन्दाखेरि, (यी दुवै) केटाहरूका विचारहरू साझा थिए ।

चियापछि सबै बाल-कोठातिर लागे । बुवा र छोरीहरू टेबुलको आडमा बसे, अनि आफ्ना कामतिर लागे, जो केटाहरूको आगमनसँगै रोकिएको थियो । उनीहरूले रङ्गीचङ्गी कागजहरूबाट फूलहरू र रिबन बनाउँदै थिए ख्रिष्टमस् ट्रीको लागि । यो मनोरञ्जक र हो-हल्लाको काम थियो । हरेक पुनः निर्मित फूललाई केटीहरू हर्षोल्हासको चिच्याहटसाथ स्वागत गर्थे, संत्रासको चिच्याहटले समेत, मानौं यो फूल आकाशबाट झरेको हो; बुवा पनि खुशी हुन्थे र यदाकदा कैंची भुइँमा फाल्थे, उनीहरूसँग रिसाएर यसकारण कि उनीहरू बुद्धू छन् । आमा चाहिँ बाल-कक्षमा दगुर्दै पस्थिन् एकदम चिन्तित अनुहार लिएर, सोध्थिन्– कसले लियो मेरो कैंची ? फेरि पनि तिमीले नै लियौ, इभान् निकालाइछ्, मेरो कैंची ? हे भगवान, कैंची समेत दिँदैनन् ! -जवाफ दिन्थे इभान निकालाइछ् रुञ्चे स्वरमा, र कुर्सीको पछाडिपट्टी यसो अढेस लाउँथे अपहेलित मान्छेको मुद्रामा, तर एकछिनपछि पुनः हर्षित हुन्थे ।

पहिले पहिलेका आफ्ना आगमनहरूमा भालोज्या पनि ख्रिष्टमस ट्रीको तयारीमा जुट्थ्यो, वा आँगन-चोकमा दौडेर पुग्थ्यो, कसरी सइस र गोठालो हिउँको ढिस्को बनाउँदै छन् भनी हेर्नको लागि, तर अहिले चाहिँ ऊ र छिछिभित्र्ईनले बिबिध रङ्गको कागजमा कुनै ध्यान दिएनन् र एक ताल पनि तबेलामा पुगेनन्, बरु झ्यालको आडमा बसे र केको बारेमा हो त खास खुस गरे; यसपछि यी दुबैले भूगोलको नक्सा खोले र कुनै नक्सा अवलोकन गर्न थाले । - पहिले पेर्ममा.... बिस्तारै बोल्यो छिछिभित्र्ईनले - त्यताबाट च्युमेनमा ... पछि तोम्स्कमा ... त्यसपछि ...त्यसपछी कमछ्यात्कामा । यहाँबाट नेनेत्स्हरूले डुङ्गामा तारिदिने छन् बेरिङ् खाडी हुँदै .... । यी यही हो अमेरिका तँलाई ... । यहाँ थुप्रै भुत्ले जनावरहरू छन् । अनि क्यालोफोर्निया ? - सोध्यो भालोज्याले ।

क्यालिफोर्निया तल । आमेरिकामा झर्न पाए मात्र, क्यालिफोर्निया डाँडाहरूको पारिपट्टी त हो । आफूलाई चाहिने खाना शिकार गरेर र लुटेर जोहो गर्न सकिन्छ । छिछिभिईन दिनभरि नै केटीहरूबाट टाढिन्थ्यो र आँखीभौं खुम्च्याएर उनीहरूलाई हेर्थ्यो । बेलुकाको चियापछि यस्तो भयो कि उसलाई एक्लै छोडिदिए केटीहरूसँग पाँच मिनेटको लागि । असहजै थियो चूप लाग्नु । उसले बेस्सरी खोक्यो, दाहिने हत्केलाले देब्रे हात पुछ्यो, अँध्यारो मुखले काच्यालाई मुसाय र भन्यो– तपाईंले माइन रिडलाई पढ्नुभएको छ ? छैनँ, पढेकी छैनँ ... । सुन्नुहोस् त, तपाईंलाई स्केटिङ् गर्न आउँछ ? आफ्ना विचारमा सोच- मग्न भएर छिछिभिईनले यो प्रश्नमा कुनै उत्तर दिएन, आफ्ना गालातिर बरू एकदम फुक्यो र यस्तो निस्वास लियो, मानौँ उसलाई एकदम गर्मी भएको थियो भनेर । उसले पुनः आँखा उठायो र काच्यालाई भन्यो, - जब जंगली भैंसीहरू पाम्पासमा दगुर्छन्, जमीन थर्किन्छ, अनि यस बेलामा सन्त्रस्त मस्ट्याङ्हरू खुट्टा बजार्छन् र हिनहिनाउँछन् । छिछिभित्स्ईन् उदासीनताका साथ मुस्कुरायो, अनि थप्यो– यस्तै रेड इन्डियनहरू रेलहरूमाथि जाइलाग्छन् । सबभन्दा खराब त मच्छड र दिमक-कीराहरू हुन् । अनि यो के हो नि ? यो कमिलाहरू जस्तै हुन् मात्र पखेटा भएका । एकदमै टोक्छन् । थाहा छ, म को हुँ ?

छिछिभित्स्ईन् महोदय ।

होइन । म मोन्टिगोमो हुँ । बाजको पञ्जा, अजेय नेता । माशा, सबभन्दा सानी केटी, ले उसलाई हेरी, अनि झ्यालतिर हेरी, जसको पछाडि साँझ परिसकेको थियो, सोचमग्न भएर भनी–अनि हामीकहाँ हिजो मुसुरोको दाल पकाथे । छिछिभिईनका सबभन्दा नबुझिने शब्दहरू यी पनि थिए कि ऊ बारंबार भालोज्यासँग कानेखुसी गर्थ्यो, अनि त्यो पनि कि भालोज्या खेल्थेन, बरू केको बारेमा हो त सोचिरहन्थ्यो, - यो सब सहस्यमय र अचम्मको थियो । दुबै ठूला बहिनी, काच्या र सोन्या, ले चाहिँ तीक्ष्ण दृष्टिले केटाहरूका क्रियाकलापहरूको चियो गर्न थाले । बेलुका, जब केटाहरू सुत्न पल्टिन्थे, केटीहरू लुसुक्क ढोकानजिक आउँथे र उनीहरूका कुराकानी लुकेर सुन्थे । ओ, उनीहरूले के थाहा पाए त !

केटाहरू कता हो अमेरिकातिर भाग्न तयारी गर्दै थिए सुन र हस्तिहाड खोज्न; उनीहरूको बाटोको लागि सब तयार थियो, पिस्तोल, दुईवटा चक्कु, सुकाएको पाउरोटी, आगो पार्नको लागि आवर्धक (म्याग्नीफाइङ्) सिसा, कम्पास र चार रूबल पैसा ।उनीहरूले के पनि थाहा पाए भने केटाहरूलाई केही हजार कोश बटो पार गर्नु पर्ने हुन्छ पैदलै पैदल, अनि बाटोमा बाघहरू र जङ्गली जनावरहरूसँग लड्नु पर्ने हुन्छ, त्यसपछि सुन र हस्ति हाड खोज्ने, वैरीहरूलाई मार्ने, समुद्री डाँकाहरूभित्र छिर्ने, जिन पिउने र अन्ततः सुन्दरीहरूसँग विवाह गर्ने र प्लान्टेशनको लागि आबाद गर्ने ।

भालोज्या र छिछिभित्सुईन् कुरा गर्थे, अनि उत्तेजित भएर एक अर्कालाई उछिन्थे कुराकानीमा । आफूलाई यहाँ छिछि भिनले यो नाम दिन्थ्यो– "मान्चिगोमः यास्त्रीब्ईइ कोगच्" (मोन्टिगोमो वाजे पञ्जा), अनि भालोज्यालाई - ब्लेद्गलित्स्ईइ ब्रात मोइ (फिकाचेहरी भाइ मेरो) । तँ हेर् नि, आमालाई चाहिँ नभन् नि,-काच्याले भनी सोन्यालाईसँगै सुत्न जाँदै गर्दा । भालोज्याले हामीलाई अमेरिकाबाट सुन र हस्तिहाड ल्याइदिने छ, यदि तैंले आमालाई भनिस् भने, उसलाई छोड्ने छैनन् ।

ख्रिष्टमसको पूर्वसन्ध्यामा छिछिभिईन् दिनभरि एशियाको नक्सा हेरिरहन्थ्यो, अनि के हो लेख्थ्यो; भालोज्या, निस्तेज, बारूलाले टोकेको जस्तै भुक्क परेको केटो चाहिँ उदास भएर कोठाहरूमा यताउता गर्थ्यो, अनि केही पनि खान्थेन । एक चोटि त बाल-कोठामा क्राइष्टको मूर्तिसामु टक्क रोकियो, क्रस बनाएर ढोग्यो र भन्यो: - परमेश्वर, म पापीलाई क्षमा गर ! भगवान, मेरी विचरी आमालाई रक्षा गर ! बेलुका हुँदो खूब रोयो ऊ । सुत्न जाँदाखेरि उसले धेरै बेरसम्म बुवा, आमा र दिदीबहिनीहरूलाई अङ्कमाल गयो । काच्या र सोन्याले बुझेका थिए यहाँ कुरा के भइरहेको छ भनेर, तर सबभन्दा कान्छी चाहिँ माशालाई केही सुझिरहेको थिएन, साँच्चै केही पनि बुझिरहेकी थिइन, मात्र छिछिभित्सुईनको चेहराबाट चिन्तामग्न थिई र लामो सास फेरेर भनी: - व्रतको बेलामा, न्यानी भन्छिन्, केराउ र मुसुरो खानु पर्छ ... । ख्रिष्टमसको दिनमा बिहान सबेरै काच्या र सोन्या बिस्तारै बिछ्यौनाबाट उठे र हेर्न गए कसरी केटाहरू अमेरिका भाग्ने छन् भनेर । बिस्तारै ढोकानिर पुगे । त्यसो भए तँ नजाने भइस् त ? - रिसाएर केरकार गर्दै थियो छिछिभिर्द्दनले । बोल्, जाँदैनस् ? भगवान ! -बिस्तारै रुँदै थियो भालोज्या । - म कसरी जान्छु र ? मलाई आमाको दुःख लाग्छ । मेरो पीतमुखवाला भाइ, म तँलाई बिन्ती गर्छु, जाऔं ! तैले मलाई विश्वास दिएको थिइस्, जान्छु भनेर, आफैँले मलाई धोका दिइस्, अनि कसरी जाने, यी यसरी डराइस् । - म डराएको होइनँ, बरू मलाई ... आमाको दुःख लागेको हो । तँ भन्, जान्छस् कि जाँदैनस् ?

म जाउँला, मात्र ...मात्र पर्खी । मलाई घरमा केही बस्न मन लागेको छ ।यसो हो भने म आफैँ जान्छु ! - निधो गर्‍योछिछिभिईनले । - तँ नभए पनि चल्छ । अनि बाघहरूको शिकार गर्न, लड्न चाहेको थिइस् ! उसो भए, दे मलाई पिस्तोल ! भालोज्या यति जोडले रोयो कि बहिनीहरूले सहन सकेनन् र उनीहरूले पनि सुँक्क सुँक्क गरे । सुनसान भयो । -तँ जाँदैनस् ? फेरि सोध्यो छिछिभित्स्नले । जा न्छु । त्यसो भए लगा लुगा ! अनि छिछिभित्स्ईनले भालोज्यालाई फकाउनको लागि अमेरिकाको प्रशंसा गर्यो, बाघ जस्तै गरेर गर्यो, समुद्री जहाजको प्रतिबिम्ब बनायो, भालोज्यालाई आफ्नो हस्तिहाड दिने कबूल गयो, अनि त्यसैगरी सिंह र बाघका सबै छालाहरू पनि दिने वाचा गर्यो । यो पातलो, गहूँगोरो, ठाड-ठाडो कपाल र चायाँ-पोतो भएको केटो केटीहरूलाई चाहिँ असाधारण ढङ्गले बिलक्षण किसिमको लाग्यो । यो एउटा नायक थियो, दृढ, निडर मान्छे, र ऊ यसरी गर्जन्थ्यो कि ढोका बाहिरै उभिँदा पनि सोच्न सकिन्थ्यो, यो कि सिंह हो कि त बाघ भनेर ।

जब केटीहरू आफूकहाँ फर्किए र लुगा लगाए, काच्याले गहभरि आँशू पारेर भनी: - ओहो, मलाई त कस्तो डर लागेको ! दुई बजे, उनीहरू दिउँसोको खाना खान नबसून्जेलसम्म, सब सुनसान थियो । तर खाना खाँदाखेरि, अचानक के थाहा भयो भने केटाहरू घरमा छैनन् । (उनीहरूलाई खोज्न) बैठकतिर पठाए, तबेलामा पठाए, कारिन्दा बस्ने टहरामा पठाए - उनीहरू त्यहाँ थिएनन् । गाउँतिर पठाए - त्यहाँ पनि उनीहरूलाई फेला पारेनन् । र पछि चिया पनि केटाहरूबेगर नै खाए, अनि बेलुकाको खाना खान बस्दाखेरि आमा बेसरी आत्तिइन्, रोइन् पनि । राति फेरि गाउँतिर गए, खोजे, टर्चलाईट लिएर नदीतिर गए । भगवान, कस्तो हो-हल्ला भयो !

भोलि पल्ट एकजना सिपाही आयो, डाइनिङ रुममा बसेर कुनै कागज लेखे । आमा रोइन् । पोर्च (कौसी) निर स्लेजहरू रोकिए, सेता घोडाहरूको त्रोइकाबाट सेतो वाफ निस्किरहेको थियो । भालोज्या आयो ! कसैले घर-आँगनमा करायो । भालोजिछ्का आउनुभयो ! - नातालियाले चिच्याइन् भोजन कक्षातिर दगुर्दै । मिलोर्ड पनि करायो धोद्रो स्वरमा "भौ ! भौ !"गर्दै ।

के भएछ भने केटाहरूलाई शहरमा समातेछन्, पाहुना चोकमा (त्यहाँ उनीहरू यताउती गर्दै पाउडर कहाँ पाइन्छ भनेर सोध्दै रहेछन् ।

भालोज्या प्रवेश कक्षभित्र के पसेको थियो, बेस्सरी रोयो र आमाको गलामा हुत्तियो । केटीहरू, थरथर काम्दै, डरलाग्दो किसिमले यस्तो विचार गरे, अब होला, सुन्याथे, जसै बुवाले भालोज्या र छिछिभिईनलाई आफूकहाँ कार्य-कक्षतिर लगे र धेरै वेरसम्म उनीहरूसँग कुराकानी गर्दै रहे; आमा पनि बोलिन् अनि रोइन् ।- यस्तो गर्नु हुन्थ्यो त ? - विश्वस्त बनाउँदै थिए बुवाले । भगवानले यस्तो नदिऊन्, गिम्नाजियममा थाहा पाऊन् अनि तिमीहरूलाई निकालिदिऊन् । अनि तपाईंलाई लाज लाग्यो, छिछिभित्सून् महोदय ! नराम्रो हजूर ! तपाईं त भड्काहा हो, र आशा गर्छु, तपाईंले आफ्ना बुवा-आमाबाट सजायँ पाउनुहुने छ । यस्तो गर्नु हुन्थ्यो त ? तपाईंहरूले रात कहाँ बिताउनुभयो नि ? - प्लेटफर्ममा ! - सगौरव उत्तर दियो छिछिभित्सुईनले । भालोज्या पछि ओछ्यान पयो, अनि उसलाई टाउकोमा सेके अमिलोमा भिजाएको रुमालले । कतै तार- वाणी पठाए, अनि भोलिपल्ट एकजना महिला आइपुगिन्, छिछिभित्स्र्न्येनकी आमा, र आफ्नो छोरालाई लिएर गइन् ।

छिछिभित्स्ईन निस्कँदै गर्दाखेरि उसको अनुहार कठोर, अभिमानी थियो, अनि, केटीहरूसँग बिदावारी हुँदाखेरि उसले एउटै शब्द पनि बोलेन; मात्र काच्यासँग एउटा कापी लियो र संझनाको लागि लेख्यो: "मान्चिगोमः यास्त्रेब्ईइ कोगच्" (मोन्टिगोमो वाजको पञ्जा) ।

(साभारः साहित्यसंग्रह डट कम)

# वासु शशीका दुई कविताहरू

## मेरो देशको पुस्तक

मेरो देशको पुस्तकका पृष्ठहरू
ठाउँ-ठाउँमा च्यातिएका छन् !
यसलाई पढ्ने मेरा बालकहरूले
अवश्य 'यो त भएन बा !' भन्नेछन् !
यसका पन्नाहरूको अक्षर नै मेटिने गरी
ठाउँ-ठाउँमा कालो मसी पोखिएको छ !

यसलाई पढ्ने बालकहरूले
अवश्य 'यो त नराम्रो भो बा !' भन्ने छन् !
अनि म बाँभोले बादललाई भैं हेरिरहुँला-
तिनीहरूले ती चौटाहरू ल्याएर जोडेको !
दागहरू माझेर पुस्तक सफा पारेको !
हो, मेरो देशको पुस्तकका पृष्ठहरू
ठाउँ-ठाउँमा च्यातिएका छन् !

## पर्खाल लगाएपछि धेरैथोक बाहिर पर्छ

पर्खाल लगाएपछि धेरैथोक बाहिर पर्छ
यद्यपि यो हो कि
पर्खाल राम्रो पनि बन्न सक्छ,
त्यसमा लहरहरू लाग्छन्,
यद्यपि यो हो कि
पर्खालभित्र जे-जति पर्छ त्यो आफ्नो हुन्छ,
सुरक्षित रहन्छ,
पर्खाल सायद नभई हुन्न
मानौं देवता हो त्यो
किन्तु पर्खाल पर्खाल मात्रै हो
त्यो आकाशमा पुग्न सक्दैन
र भित्रै पस्नेहरू त त्यसलाई उक्लने पनि हुन्छन्
र पर्खाल, त्यो भत्कन पनि सक्छ
परन्तु अचेलका सहर-सडक जो बालबच्चाका
लागि काम लाग्दैनन्
र अचेल मानिसले जो मानिसहरूबाट आफूलाई
बढ्ता अलग्याउनुपर्छ
पर्खालमाथि चाहे जतिसुकै खेद प्रकट गरूँ
म त्यसलाई लगाउँछु
(पर्खाल सायद सबभन्दा अप्रिय आवश्यकता हो)
सायद यो जमानामा हामी पर्खालको जरुरत
मिटाउनलाई
पर्खाल लगाउँछौं
हामी पर्खालका विरुद्ध पर्खाल लगाउँछौं
(तर) लगाउँछौं, लगाउँछौं
यद्यपि पर्खाल लगाएपछि धेरै कम भित्र पर्छ
(हुन त सब थोक सबभन्दा बढ्ता चाहिने युग पनि
यही हो)
पर्खाल, लोग्ने मान्छे जस्तो पर्खाल,
टाउको लगेर ठोक्न पनि हुने पर्खाल ।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

# मणिमुकुन्दमा स्पोर्टस् मिट सम्पन्न




बुटवल। मणिमुकुन्द मावि बुटवलमा सञ्चालन भएको स्पोर्टस् मिट सम्पन्न भएको छ। विहिवारदेखि शुरु भएको स्पोर्टस् मिटमा प्ले ग्रुपदेखि कक्षा १० सम्मका विद्यार्थीहरुले भाग लिएका थिए।

विद्यार्थीहरुलाई किताबी ज्ञान संगै उनीहरुमा अन्तरनिहित खेल प्रतिभाको प्रस्फूटनका लागि विद्यालयले वार्षिकरुपमा तालिका वनाएर नै स्पोर्टस् मिट आयोजनागर्दै आएको प्राचार्य टुक बहादुर क्षेत्रीले बताए।

स्पोर्टस् मिटमाकक्षा ४ देखि ६ सम्मको सय मिटर दौडमा आशिक पाण्डे प्रथम र कक्षा ७ देखि ९ सम्मको सय मिटर दौडमा प्रशान्त सुनारी प्रथम भएकी छन्। त्यस्तै कक्षा ४ देखि ६ सम्मको एक खुट्टे दौडमा सक्षम राना प्रथम भएका छन् भने कक्षा ४ देखि ६ सम्मको सय मिटर छात्रा दौडमा एलिशा राना प्रथम भएकी विद्यालय संयोजक हरिप्रसाद पौडेलले जानकारी दिए। कक्षा ७-९ सम्मको सय मिटर छात्रा दौडमा प्रथम अस्विना ज्ञवाली, द्वितीय जेशिका दर्लामी र जेनिशा राना भएका छन ।कक्षा ४-६ सम्मको एक खुट्टे दौडमा छात्रा तर्फ प्रथम रिदम सारु , द्वितीय स्वीकृति अर्जे र तृतीय मनिषा पौडेल भएका छन ।कक्षा ४-६ सम्मको चम्चा दौडमा प्रथम साइरोन गुरुङ, द्वितीय अनिशा अधिकारी र तृतीय रिदम सारु भएका छन्।

कक्षा ४-६ सम्मको बोरा दौडमा छात्रातर्फ प्रथम स्वीकृति अर्गेजा, द्वितीय रिदम सारु र तृतीय रसिका गैरे भएका छन् । कक्षा ४-६ सम्मको बोरा दौडमा छात्रतर्फ प्रथम संकार पाण्डे, द्वितीय कुशल सारु र तृतीय लब्स्याग गुरुङ भएका छन्।

कक्षा ७-९ सम्मको सटपुट छात्रामा प्रथम सुजेन थापा, द्वितीय अनन्या मिश्र र तृतीय अश्विना ज्ञवाली भएका छन्। कक्षा ७-९ सम्मको सटपुटमा छात्र तर्फ प्रथम प्रशान्त सुनारी, द्वितीय बरदान पाण्डे र तृतीय रियाज राना भएका छन् । कक्षा ४-६ सम्मको सटपुट छात्रतर्फ प्रथम दिप्सन न्यौपाने, द्वितीय स्वयम् लाम्गादे र तृतीय आयुष राना भएका छन ।, कक्षा १-३ सम्मको १०० मिटर दौडमा छात्र तर्फ प्रथम विहान थापा, द्वितीय म्याक्सन थापा र तृतीय प्रिन्स खत्री भएका छन् ।कक्षा १-३ सम्मको १०० मिटर दौडमा छात्रातर्फ प्रथम दिया सारु, द्वितीय प्रशंसा बुढा र तृतीय आरुषी अधिकारी भएका छन् ।

कक्षा १-३ सम्मको निडल रेसमा छात्र तर्फ प्रथम प्रज्ज्वल चौधरी, द्वितीय सरोज पुन र तृतीय श्रेयन टण्डन भएका छन् ।कक्षा १-३ सम्मको निडल रेसमा छात्रातर्फ प्रथम सन्सीका बुढाथोकी, द्वितीय आर्हिया पौडेल र तृतीय क्रिष्टिना राना भएका छन् ।कक्षा प्लेग्रुप तर्फ स्वीट रेसमा प्रथम सलोन राना, द्वितीय दिया थापा र तृतीय कृष्ण खत्री भएका छन्।

बल रेसमा प्रथम दिया थापा, द्वितीय प्रतिक बोहोरा र तृतीय सलोन राना भएका छन्, बेलुन ब्लाष्टतर्फ प्रथम सलोन राना , द्वितीय दिभम भुषाल र तृतीय दिया थापा भएका छन्, कक्षा ४-६ सम्मको व्याडमेन्टन प्रतियोगितामा छात्र तर्फ प्रथम प्रविन मल्ल, द्वितीय प्रिन्स भट्टराई र तृतीय अभिरल आत्रे भएका छन्, कक्षा ४-६ सम्मको व्याडमिन्टन प्रतियोगितामा छात्रा तर्फ प्रथम मनिशा शर्मा, द्वितीय अनिषा भेडी र तृतीय एनी आले भएका छन्, कक्षा १-३ सम्मको फ्लोर रेसमा छात्र तर्फ प्रथम बिहान थापा, द्वितीय आयान न्यौपाने र तृतीय प्रिन्स खत्री भएका छन्।

कक्षा १-३ सम्मको छात्रा तर्फ प्रथम अन्जु गौतम, द्वितीय रिषिका कुवर र तृतीय प्रियान्सी पाण्डे भएका छन् ।कक्षा १-३ सम्मको स्पुन रेसमा छात्र तर्फ प्रथम प्रसिद्ध बेल्वासे, द्वितीय संकेत अधिकारी र तृतीय सुप्रिम रायमाझी भएका छन्। छात्रा तर्फ प्रथम समृद्धि थापा, द्वितीय मिनाक्षी गौतम र तृतीय दिप्सन पाण्डे भएका छन्। बेलुन ब्लाष्ट तर्फ प्रथम अधिन आले, द्वितीय संस्कार अधिकारी र तृतीय सिजन थापा भएका छन्।

छात्रा तर्फ ओहिन थापा, समृति पाण्डे र सान्भी पाण्डे क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन्। कक्षा नर्सरी तर्फ स्वीट रेसमा लिज्जा गुरुङ, समिक्षा पोखरेल, सृष्टि शर्मा प्रथम, द्वितीय र तृतीय भएका छन् । बेलुन रेसमा जेनिस पाण्डे, स्कीता रास्कोटी, शिशिर फुलेल क्रमश प्रथम, द्वितीय र तृतीय भएका छन्।

कुर्चि दौडमा १-३ बाट छात्र तर्फ इवोन के.सी., ओशन थापा, दिप्सन वि.के. क्रमश प्रथम, द्वितीय र तृतीय भएका छन्। छात्रा तर्फ संकृति बुढाथोकी, आश्रीया पाण्डे, प्रीन्सा पाण्डे क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् । बोरा दौड तर्फ छात्रमा विहान थापा, युवन थापा, हार्दिक वि.क. क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन्। छात्रा तर्फ आरध्या अर्याल, सान्भी पाण्डे, अनुश्मा श्रेष्ठ क्रमश प्रथम, द्वितीय र तृतीय भएका छन्।

कक्षा के.जी तर्फ स्वीट रेसमा आर्यान यादव, जेनिशा न्यौपाने, रियान्स भुषाल क्रमश प्रथम, द्वितीय र तृतीय भएका छन् । बलरेसमा काव्य प्रधान, रियोन सारु, संगम खड्का क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन्। स्पुन रेशमा मिगिन थापा, मान्स ज्ञवाली, युवन श्रेष्ठ क्रमशः प्रथम, द्वितीय र तृतीय भएका छन् ।विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको छ।

## बिमालेख हराएको सूचना

मिति २०८१ मंसिर २० गते तम्घासदेखी बुटवल जाने क्रममा नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको श्रीमती माया मंगालीको बिमा लेख नं.३२३००३२३२ हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा नेपाल लाईफ इन्स्योरेन्स कार्यालयमा बुझाईदीनु हुन अनुरोध छ।

**नाम** : **माया मंगाली**
**ठेगाना** : **धुर्कोट गापा ९,गुल्मी**
**सर्म्पक नम्वर** : ९८४५५४३१७५

## बिमालेख हराएको सूचना

मिति २०८१ असौज २१ गते बुटवल देखी सन्धिखर्क आउने क्रममा नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको श्रीमती गोमा थापा(कुँवर) नामको बिमा लेख नं.३२३००३२३१ हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा नेपाललाईफ इन्स्योरेन्स कार्यालयमा बुझाईदीनु हुन अनुरोध छ।

**नाम** : **गोमा थापा (कुँवर)**
**ठेगाना** : **स.न.पा. ८, अर्घाखाँची**
**सर्म्पक नम्वर** : ९८४५५४३१७५

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**नवलपरासी,बर्दघाट सुस्ता पुर्व**

**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/१०/०५

यस कार्यालयबाट विभिन्न मितिमा आवहान भएको ठेक्कामा तपसिल बमोजिमको बोलपत्रदाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | 03/NCB/Rev/BT/ 2081-082 | Sunahi lower section, Sunai Khola upper section, Sunahi upper section and near Patkhare | Dumkibas Screening pvt ltd. Nawalpur | 31,52,700.00 |
| 2 | 04/NCB/Rev/BT/ 2081-082 | Near Khorandi river | Bhusal Engineers And Builders Tilottama Municipality - 7, Rupandehi, Nepal | 19,09,700.00 |

प्रमुख प्रशासकीय अधिकृत

## विनयी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**नवलपरासी,बर्दघाट सुस्ता पुर्व**

**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/१०/०५

यस कार्यालयबाट विभिन्न मितिमा तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ।

**तपशिलः**

| सि. न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम |
|---|---|---|---|---|
| 1 | 07/BTRM/ NCB/Works/ 2081-082 | Warda Number 2 ko Bato Kalopatre | HarHar Gange ConstructionCompany Pvt.Ltd Bishnupur -01 , Siraha , Nepal | NRS 77,20,898.28 |
| 2 | 08/BTRM/ NCB/Works/ 2081-082 | Kanikeshal Chukaha Bhaisekhola Saam BatoIostarunnati | Reads Engineering Construction Company Gokarneshwor-02, Kathmandu | NRS 16,797562.14 |
| 3 | 9/BTRM/ NCB/Works/ 2081-082 | Bagaicha Adharshatol Salghari Sadak Staronnati | HarHar Gange Construction Company Pvt.Ltd Bishnupur -01 , Siraha , Nepal | NRS 45,45,738.73 |
| 4 | 10/BTRM/ NCB/Works/ 2081-082 | Bhorlabhanjyang Barhabise Chidiya Sadak Binayi Tribeni Gaunpalika Wada No 5 | Radhe Krishna Nirman Sewa Pvt.Ltd. Rajpur Municipality WardNo.7 | NRS 39,68,874.9 |
| 5 | 11/BTRM/ NCB/Works/ 2081-082 | Prasaiya Sahumara Shivpurgadhi Keulani sadak star unnati & Prasaiyatallotol bato star unnati | HarHarGange Construction Company Pvt.Ltd Bishnupur -01 , Siraha , Nepal | NRS 27,14,722.69 |
| 6 | 12/BTRM/ NCB/Works/ 2081-082 | Bankatti Bato Starunnti, Mastij Chok Dekhi Kabarsthan Samma Nala istarunati& Construction of a health center building at the border crossing | Pun Construction l. Nawalparasi | NRS 26,93,674.08 |
| 7 | 13/BTRM/ NCB/Works/ 2081-082 | Construction of toilets with drinking water andsanitation inschools and management of sanitary materials | Radhe Krishna Nirman Sewa Pvt.Ltd. Rajpur Municipality Ward No.7 | NRS 34,59,443.29 |
| 8 | 14/BTRM/ NCB/Works/ 2081-082 | Ward-5 Bhawan Nirman, Health-Post Nirman Tatha Covered Nirman | Radhe Krishna NirmanSewa Pvt.Ltd Rajpur Municipality Ward No.7 | NRS 13,74,619.6 |
| 9 | 15/BTRM/ NCB/Works/ 2081-082 | Honshi Gate Dekhi Rajmarga Samma PahuchMargaSadak | Nubha Construction Pvt.Ltd. KMC-32, Pepsicola | NRS 72,24,412.16 |

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

# रामपुर महोत्सवबारे अन्तरक्रिया




**बासुदेव ढकाल**

*रामपुर*

चौथो रामपुर महोत्सव तथा व्यापार मेला २०८१ तयारीवारे सरोकारवाला संग अन्तरक्रिया भएकोछ। रामपुर उद्योग बाणिज्य संघको आयोजनामा भएको कार्यक्रममा अर्थ उद्योग तथा पर्यटन विकास समिति अध्यक्ष एवं लुम्बिनी प्रदेश सांसद राजु प्रसाद श्रेष्ठले रामपुरको विकास र पहिचान बढाउन महोत्सवले सहयोग गर्ने बताए।

रामपुर नगरपालिका नगर प्रमुख रमण बहादुर थापालेमहोत्सव सफल बनाउन नगरपालिकाले पनि सहयोग गर्ने बताए।कार्यक्रममा रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकालले महोत्सव रामपुरवासी सबैको साझा पर्व भएकाले सफल बनाउन सबैको साथ चाहिने बताए । अन्तरक्रियामा नगर उपप्रमुख बाल कुमारी थापा,नगर प्रवक्ता कपिल बहादुर खाँण, वडाध्यक्षहरु दामोदर पाठक,दुर्गा प्रसाद पोखरेल, दोवराज तिवारी,नेपाली काँग्रेस नगर सभापति नेत्र प्रसाद भट्टराई ,नेकपा एमाले नगर उपाध्यक्ष अशोक श्रेष्ठ, सल्लाहाकारहरू फणेश्वर गौतम ,कानुनी सल्लाहकार लेखनाथ शर्मा मरासिनी, हुमनाथ न्यौपाने,कमलराज भट्टराईले महोत्सव तयारी सम्बन्धमा आफ्ना सुझाव राखेका थिए।

संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकाल,प्रचार प्रसार उपसमिति संयोजक बासुदेव ढकाल,कृषि उप समिति संयोजक सूर्य प्रसाद रेग्मी, खेलकुद उपसमिति संयोजककमल राना,साँस्कृतिक उपसमिति दिपक केसी र इलाका प्रहरी कार्यालयका प्रमुख राम बहादुर नेपालीले आआफ्ना भनाई राखेका थिए। माघ १५ देखि २७ गतेसम्म हुने महोत्सवकोलागि ३२ वटा विभिन्न तयारी उप समिति गठन गरि तयारी भैरहेकोमहासचिव पुरूषोतम केसीले बताए।

# माघ २५ गतेदेखि डण्डामा आठौं नवलपुर महोत्सव

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुर उद्योग वाणिज्य संघको आयोजनामा आठौं नवलपुर महोत्सव माघ २५ गतेदेखि फागुन १० गतेसम्म डण्डामा हुने भएको छ।

नवलपुर उद्योग वाणिज्य संघले आज उद्योग वाणिज्य संघको कार्यालयमा गरेको पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार आठौं नवलपुर महोत्सव कावासोती १६ डण्डाको अंकुर आर्दश सामुदायिक वनको कार्यालय परिसरमा रहेको खुल्ला मैदानमा हुने नवलपुर उद्योग वाणिज्य संघका महासचिव सागर पोखे्रलले बताए।

पत्रकार सम्मेलनमा नवलपुर उद्योग बाणिज्य संघका अध्यक्ष एवं आठौं नवलपुर महोत्सव मुल समारोह समितिका संयोजक वैकुण्ठप्रसाद अर्यालले 'पर्यटन, कृषि, उद्योग र व्यापारको उत्सवः समृद्ध नवलपुरका लागि आठौं महोत्सव' भन्ने मुल नाराका साथ महोत्सवको आयोजना गरिएको जानकारी दिए।

कृषि, हस्तकला, व्यवसायिक, होटल लगायतका गरी २ सय ५० वटा स्टल रहने नवलपुर महोत्सवमा पहिलो पटक ईफिल टावर, फिस टनेल, सुनामी झुला आकर्षणको रुपमा रहने बताइएको छ।

त्यसैगरी विभिन्न जातजातिका कला प्रर्दशनी, स्थानीय एवं राष्ट्रिय कलाकारहरुको प्रस्तुती, जिल्लामा उत्पादित वस्तुको प्रर्दशनी तथा अवलोकन, एक पालिका एक कृषि प्रवर्द्धन अन्तर्गत कृषि प्रर्दशनी, शैक्षिक अनुसन्धानका कार्यक्रमहरु रहने आयोजकले जनाएको छ।

महोत्सवमा प्रत्यक्ष रुपमा ८० हजार र अप्रत्यक्ष रुपमा ५ लाख दर्शकले अवलोकन गर्ने, ५ करोड बढीको कारोबार हुने जनाइएको छ। त्यसैगरी महोत्सव आयोजना गर्दा ७५ लाख आम्दानी हुने, ५० लाख अनुमानित खर्च हुने र २५ वचत हुने जनाइएको छ। महोत्सबबाट आम्दानी भएको रकमबाट नवलपुर उद्योग वाणिज्य संघको थप भवन निर्माणमा खर्च गरिने आयोजकले जनाएको छ।




त्यसैगरी नव प्रवर्द्धन कार्य प्रोत्साहन कार्यक्रम अन्तर्गत नवलपुर डान्स आईडल, श्रष्टा सम्मान तथा रचना वाचन लगाएतका कार्यक्रमहरु रहने पत्रकार सम्मेलनमा जानकारी दिइयो। महोत्सव परिसरमा निशुल्क आँखा परिक्षण शिविर सन्चालन गरिने र त्यहाँ फेला परेका मोतियाविन्दुका बिरामीलाई निशुल्क शल्यक्रियाको पनि व्यवस्था गरिएको संघका महासचिव सागर पोखे्रलले जानकारी दिए।

यो पटक धुलोरहित महोत्सव हुने र विगतका वर्षहरुभन्दा फरक हुने र यसले समग्र नवलपुरको आर्थिक तथा पर्यटकीय सम्भावनालाई थप उजागर गर्ने आयोजकको दावी छ। महोत्सवलाई व्यवस्थित गर्न २३ वटा उपसमिति, सल्लाहकार समिति र अनुगमन समिति पनि बनाइएको महासचिव पोखे्रलले बताए।

# जिबीराईको राहदानी रोक्का गर्न आदेश




बुटवल। सहकारी ठगीका आरोपित जीबी भन्ने गितेन्द्रबाबु (जिबी) राईको राहदानी रोक्का गर्न अदालतले आदेश दिएको छ।

सरकारले जिल्ला अदालत कास्कीमा दायर गरेको निवेदनमा शुक्रबार सुनुवाई गर्दै न्यायाधीश हिमलाल बेल्बासेको इजलासले राहदानी रोक्का गर्न आदेश दिएको हो।

अदालतले राहदानी विभागलाई जीबीको राहदानी रोक्का गर्न लेखि पठाउने आदेश दिएको छ। ५ वटा सहकारी ठगीका मुख्य अभियुक्त जीबी विदेश भागेपछि उनलाई नेपाल फिर्ता ल्याउन सरकारले लामो समयदेखि प्रयास गरे पनि सकेको छैन।

यसअघि नै प्रहरीले राहदानी रोक्का गर्नका लागि अदालतमा अनुमति माग गरेको थियो। तर अदालतले अनुमति दिएको थिएन। अदालतको अनुमति बिनै प्रहरीले राहदानी विभागमा रोक्का राखिदिन पत्राचार गरेको थियो।

तर राहदानी विभागले पनि राईको राहदानी रोक्का गर्न अस्वीकार गरेको थियो।

त्यसपछि सरकारका तर्फबाट जिल्ला अदालत कास्कीमा दायर निवेदनमा सुनुवाई गर्दै न्यायाधीश बेल्बासेको इजलासले यस्तो आदेश जारी गरेको अदालतका स्रेस्तेदार राजन खनालले नेपालखबरलाई बताए।

उनको राहदानी रद्द गर्न माग गर्दै पुस २८ गते अदालतमा निवेदन दर्ता भएको थियो।

मालिका गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

अनुरोधक :
मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

इस्मा गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं।
- पानी उमालेर मात्र पिउने गरौं।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं।
- सबैखालका विभेदको अन्त्य गरौं।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं।

अनुरोधक :
विवेक रणपाल परियार — प्रमुख प्रशासकीय अधिकृत
पार्वती कुँवर — उपाध्यक्ष
भगतसिंह खड्का — अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.dainiklumbini.com